पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, जेठ २५ गते, २०८० साल (संख्या ०४

## भाग २

## पोखरा महानगरपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०८०

**प्रस्तावनाः** पोखरा महानगरपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पोखरा महानगरपालिका नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "पोखरा महानगरपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यवधि तुरुन्त लागु हुनेछ।

२. **पोखरा महानगरपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०७६ को परिच्छेद-२ मुल दफा १ मा संशोधन :** "...प्रक्रिया अगाडि बढाउनका लागि यो कार्यविधि प्रारम्भ भए पश्चात बढिमा तिन महिना म्याद राखी भवन अभिलेखिकरणको लागि सार्वजनिक सूचना प्रकाशन गर्न सकिनेछ।" भन्ने शब्दहरुको सट्टा "प्रक्रिया अगाडी

बढाउन नगर कार्यपालिकाले निर्णय गरी भवन अभिलेखिकरणको लागि सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ" । भन्ने शब्दहरु राखिएको छ।

**परिच्चेछेद-२ मुल दफा ८ मा संशोधनः** "...प्राविधिकबाट स्थलगत नीरिक्षण गर्दा साविक लम्बाई र चौडाई ठीक देखिएमा मात्र महानगर आर्थिक ऐनले निर्धारण गरेको दस्तुर लिई स्विकृत प्रदान गर्ने ।" भन्ने शब्दहरुको सट्टा "प्राविधिक जाँच गरी ठीक देखिएमा १७ मिटर सम्मका भवनहरु मात्र महानगर आर्थिक ऐनले तोकेको दस्तुर लिई स्विकृत प्रदान गर्ने र Retrofit building मा तल्ला थप गरेमा यही कार्यविधि बमोजिम प्राविधिक समितिको सिफारिस बमोजिम गर्ने ।" भन्ने शब्दहरु राखिएको छ।

**परिच्चेछेद-२ मुल दफा २२ मा संशोधनः** "भवन नियमित तथा अभिलेखिकरणका लागि यो कार्यविधि शुरु भएको मितिले छ महिनाको म्याद हुनेछ।" भन्ने शब्दहरुको सट्टा "भवन नियमित तथा अभिलेखिकरणका लागि सम्वत २०८० साल पौष मसान्त सम्म म्याद हुनेछ।" भन्ने शब्दहरु राखिएको छ।

३. **परिच्चेछेद-४ मुल दफा ८ पछि दफा ९ र १० थपः** दफा "९. महानगरपालिकामा नक्शा पेश भै राजश्व बुझाई अस्थाई वा स्थायी स्वीकृती लिई मापदण्ड पालना गरी निर्माण गरेको, तर ४ वर्ष भित्र सम्पन्न प्रमाण पत्र नलिएकाको हकमा पहिले पेश भएको नक्शालाई मान्यता दिई हालको नक्शा पास दस्तुर थप लिई भवन निर्माण सम्पन्न प्रमाण पत्र दिने । पेश भएको नक्शा भन्दा बढि तला निर्माण गरेको खण्डमा थप तला (५ तल्ला/१७ मि. सम्म) को हाल नक्शा पास दस्तुरको तेब्बर दस्तुर लिई भवन निर्माण सम्पन्न प्रमाणपत्र जारी गरिनेछ।" दफा ९ थप गरिएको छ।

**परिच्चेछेद-४ मुल दफा १० थपः** दफा १०. "बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड, २०७२ र महानगरपालिकाको प्रचलित मापदण्ड तथा भवन संहिता, २०६० साथै महानगरपालिकाका निर्णयहरु पालना गरि निर्माण भएका पाँच तल्ला (१७ मि सम्म उचाई) का घरहरु तेब्बर दस्तुर लिई नियमित प्रक्रिया अपनाई नक्शा पास गर्ने ।" दफा १० थप गरिएको छ।

४. **मूल कार्यविधिको परिच्छेद ५ मुल दफा २ मा संशोधन :- "प्राविधिक समिति समक्ष पेश गरिनेः** भवन नियमित तथा अभिलेखिकरणका लागी पेश भएका Plinth Area १५०० बर्गफिट र भवनको जम्मा क्षेत्रफल ७५०० बर्गफिट भन्दा माथि एवं ५ तल्ला भन्दा माथि भएका भवनहरु महानगरको प्राविधिक समितिबाट चेकजाँच गरी सिफारिस भए अनुसार नियमित तथा अभिलेखिकरण सम्पन्न प्रमाणपत्र जारी गरिनेछ । नियमित तथा अभिलेखिकरणमा सम्पूर्ण कागजपत्रहरु महानगरको नक्शा अभिलेख System मा अनिवार्य Entry गर्नुपर्नेछ ।" भन्ने शब्दहरुको सट्टा "प्राविधिक समिति समक्ष पेश गरिनेः भवन नियमित तथा अभिलेखिकरणका लागी पेश भएका Plinth Area ३००० बर्गफिट

र भवनको जम्मा क्षेत्रफल ७५०० बर्गफिट एवं ५ तल्ला भन्दा माथि भएका भवनहरु महानगरको प्राविधिक समितिबाट चेकजाँच गरी सिफारिस भए अनुसार नियमित तथा अभिलेखिकरण सम्पन्न प्रमाणपत्र जारी गरिनेछ। नियमित तथा अभिलेखिकरणमा सम्पूर्ण कागजपत्रहरु महानगरको घर नक्शा शाखामा अभिलेख गर्नुपर्नेछ।" भन्ने शब्दहरु राखिएको छ।

५. **मूल कार्यविधिको** अनुसूचि ३ झिकिएको छ।

**आज्ञाले**
**वीरेन्द्रदेव भारती**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति**
**२०८०।०२।२५**